स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



बलिउडका महँगा अभिनेताको रूपमा चिनिएका सलमान खानले आफ्नो पारिश्रमिक घटाएका छन्। उनले नयाँ फिल्म "एसभीसी६३"का लागि ७० करोड भारु पारिश्रमिक लिएको "फ्री प्रेस जर्नल"ले जनाएको छ। यो उनले आफ्नो सामान्य पारिश्रमिकको ५८ प्रतिशत मात्र लिएका हुन् । सामान्यतया उनले १२० करोडसम्म पारिश्रमिक लिने गर्छन्। रफी उनका पुराना साथी हुन् । उनको नाम निर्माताका रहने भएपछि सलमानले आफ्नो पारिश्रमिक घटाएको जनाइएको छ।

आजको विचार...



जितगढीदेखि... (दुई पेजमा)

पदम न्यौपान



नेपाली मूलकी बलिउड अभिनेत्री मनिषा कोइरालाले देशका लागि राजसंस्था अपरिहार्य रहेको बताएकी छन्। शनिबार शाही युवा शक्ति नेपालले काठमाडौंमा आयोजना गरेको "राजाको पक्षमा जनताको हस्ताक्षर अभियान" कार्यक्रममा सहभागी हुने क्रममा उनले सञ्चारकर्मीसँग कुरा गर्दै राष्ट्रियता जोगाउन संवैधानिक राजसंस्था आवश्यक रहेको औंल्याएकी हुन्। उनले भनिन्, "यो देशका लागि राजसंस्था एकदमै अपरिहार्य छ। हामी सांस्कृतिक रूपमा बलियो छौं। राजसंस्थालाई पनि कुनै न कुनै रूपमा ठाउँ दिनुपर्छ।"

❒ वर्ष ३२ ❒ अंक १८ ❒ २०८३ साउन १८ गते सोमबार 3 August 2026, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पालपामा बढ्यो यातायातको राजस्व

## एक वर्षमा २ करोडले वृद्धि, २२ करोडभन्दा बढी राजस्व संकलन

कृष्ण पोखरेल

**पाल्पा,** साउन १७/ यातायात व्यवस्था सेवा कार्यालय तानसेन पाल्पाबाट संकलन हुने राजस्व बढेको छ । चालक अनुमति पत्र र सवारी साधनमा वृद्धि भएसँगै आर्थिक वर्ष २०८२/०८३ मा राजस्व संकलनमा वृद्धि भएको हो ।

आर्थिक वर्ष २०८२/०८३ मा २२ करोड १७ लाख ७१ हजार १ सय १० रुपैयाँ राजस्व संकलन भएको छ । यो अघिल्लो आर्थिक वर्षको तुलनामा करिब २ करोड रुपैयाँले बढी हो । कार्यालयका निमित्त प्रमुख श्रीराम पाण्डेका अनुसार आर्थिक वर्ष २०८१/०८२ मा २० करोड १९ लाख २० हजार ८ सय ९० रुपैयाँ राजस्व संकलन भएको थियो । आर्थिक बर्ष २०८२ श्रावणदेखी २०८३ असार मसान्त सम्मको अवधिमा विभिन्न ९ वटा शीर्षकबाट राजस्व वृद्धि भएको उनले बताए । कार्यालयले सवारी साधन करबाट १७ करोड २९ लाख ८ हजार ५ सय ३५ रुपैयाँ, सवारी नवीकरणबाट



१ करोड १२ लाख ८३ हजार ४ सय ५० रुपैयाँ, सवारी चालक अनुमति पत्र शुल्कबाट २ करोड ८७ लाख ९९ हजार रुपैयाँ, यातायात क्षेत्रको आम्दानीबाट २६ लाख ६८ हजार ३ सय रुपैयाँ, आयकरबाट ५९ लाख ८४ हजार ८ सय २५ रुपैयाँ तथा अन्य प्रशासनिक सेवा शुल्कबाट १ लाख २७ हजार रुपैयाँ राजस्व संकलन गरेको जनाएको छ ।

एक वर्षको अवधिमा कार्यालयबाट ३५ हजार १ सय ४६ वटा निजी तथा सरकारी सवारीसाधन नवीकरण भएका छन् । त्यस्तै १ हजार ५ सय ७१ वटा सवारीसाधनको स्थायी रुट इजाजतपत्र नवीकरण, १ हजार ३ सय ६२ वटा सार्वजनिक सवारीसाधनको प्राविधिक जाँचपास तथा ५ हजार सवारीसाधनले अस्थायी रुट इजाजतपत्र (पटके) सेवा लिएका छन् । चालक अनुमति पत्रतर्फ ७ हजार ७ सय ७३ जनाले नयाँ लाइसेन्सका लागि आवेदन दिएका थिए । लिखित परीक्षामा ६ हजार ३ सय ९८ जना उत्तीर्ण भएका छन् भने ५ हजार ५ सय ४१ वटा नयाँ चालक अनुमति पत्र जारी गरिएको कार्यालयले जनाएको छ । त्यसैगरी ट्रायल परीक्षामा ११ हजार ३ सय ७ जना सहभागी भएकामध्ये ५ हजार ८१ जना उत्तीर्ण भएका छन् । ३ हजार ६ सय १० जनाले पुन: रि-ट्रायल दिएका छन् । सवारी चालक अनुमति पत्रमा वर्ग थपका लागि १ हजार ५ सय ६२ जनाले आवेदन दिएकामध्ये ६ सय ४९ जनाको वर्ग थप भएको छ । साथै ४ हजार ५ सय ५१ जनाले चालक अनुमति पत्र नवीकरण गराएका छन् भने ४ जनाले प्रतिलिपि लिएका छन् । कार्यालयले समीक्षा अवधिमा ११४ वटा लिखित परीक्षा र ३४ वटा ट्रायल परीक्षा सञ्चालन गरेको निमित्त प्रमुख पाण्डेले जानकारी दिए । हाल कार्यालयबाट दुईपाङ्ग्रे (स्कुटर, मोटरसाइकल) तथा चारपाङ्ग्रे (जिप, कार, भ्यान) का चालक अनुमति पत्र वितरण, सबै प्रकारका सवारीसाधन र चालक अनुमति पत्र नवीकरण, स्थायी तथा अस्थायी रुट इजाजत पत्रलगायतका सेवा प्रवाह हुँदै आएका छन् ।

## सङ्क्षिप्त समाचार

### विमान दुर्घटनामा १३ जनाको मृत्यु

(रासस/एपी)

**बोगोटा,** साउन १७/पेरुको नाज्का सहरनजिक शनिबार युरोपेली पर्यटक बोकेको एउटा विमान दुर्घटनाग्रस्त हुँदा १३ जनाको मृत्यु भएको स्थानीय अधिकारीले बताएका छन् । उक्त विमान प्रसिद्ध 'नाज्का लाइन्स'को दृश्यावलोकन गराउन उडाइएको थियो । नाज्का नगरपालिकाका अनुसार विमान नजिकैको इका सहरबाट उडेको थियो । पेरुभियाली कम्पनी एरोडियानाद्वारा सञ्चालित उक्त विमानले विगत १४ वर्षदेखि 'सेसना ग्रान्ड क्याराभान' विमानमार्फत नाज्का लाइन्समाथि दृश्यावलोकन उडान सञ्चालन गर्दै आएको कम्पनीले जनाएको छ । जनावरका आकृतिमा रहेका यी भू-चित्रहरू विमान वा विशेष दृश्यावलोकन टावरबाट मात्र स्पष्ट रूपमा देख्न सकिन्छ । पेरुको यातायात मन्त्रालयका अनुसार दुर्घटनामा १८ देखि ५४ वर्ष उमेर समूहका सात इटालियन, ५२ वर्षका दुई स्पेनी तथा ७७ र ७८ वर्षका दुई जर्मन नागरिकको मृत्यु भएको छ । साथै, पाइलट अमेरिको सालाजार र सहपाइलट इरेन्का गुआनिलो डेल कार्पियोको पनि ज्यान गएको मन्त्रालयले जनाएको छ ।

## लागुऔषधसहित १४ जना पक्राउ



**पाल्पा,** साउन १७/ देशका विभिन्न स्थानबाट लागुऔषधसहित १४ जना पक्राउ परेका छन् ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार दाङ, सुर्खेत, झापा, दमक, कैलाली, मोरङबाट नियमित गस्तीमा रहेको प्रहरी टोलीले उनीहरूलाई पक्राउ गरेको हो । दाङको घोराही उपमहानगरपालिका-१३ सिजस्वर्ग टोलका १७ वर्षीय किशोरलाई अवैध लागूऔषधसहित प्रहरीले पक्राउ गरेको छ । उनको साथबाट प्रहरीले खैरो हेरोइनजस्तो देखिने पदार्थ पाँच ग्राम ११० मिलिग्राम, नगद रु ७४ हजार र एक थान डिजिटल तराजु नियन्त्रणमा लिएको छ । यस्तै सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-९मा अवैध लागूऔषधसहित तीन जना पक्राउ परेका छन् । लाटिकोइलीबाट ब्राउनसुगरजस्तो देखिने पदार्थ ७२० मिलिग्रामसहित सोही ठाउँका २४ वर्षीय रोहित घिसिङ, सोही नगरपालिका-४ जिरो ड्यामबाट खैरो हेरोइनजस्तो देखिने पदार्थ ५०० मिलिग्रामसहित सोही ठाउँका २८ वर्षीय लोकेन्द्रबहादुर रावल तथा वीरेन्द्रनगर नगरपालिका-२ भुरेली गाउँबाट ब्राउनसुगरजस्तो देखिने पदार्थ २१० मिलिग्रामसहित सोही ठाउँका ३१ वर्षीय चित्र थापालाई पक्राउ गरिएको छ ।

-बाँकी अनितम पेजमा...

## श्रीनगर यातायातको दोस्रो अधिवेशन तथा आठौं वार्षिक साधारण सभा

**पाल्पा,** साउन १७ / श्रीनगर यातायात सेवा कम्पनी प्रालिको दोस्रो अधिवेशन तथा आठौं वार्षिक साधारण सभा आइतबार तानसेनमा भएको छ । लुम्बिनी प्रदेशका सांसद तथा पूर्वमन्त्री वीरबहादुर रानाले सभाको उद्घाटन गरेका हुन् ।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रमुख अतिथि रानाले यातायात क्षेत्रलाई व्यवस्थित, सुरक्षित र सेवामुखी बनाउन कम्पनीले महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको बताए । उनले संस्थाले सामाजिक उत्तरदायित्वका क्षेत्रमा समेत उदाहरणीय भूमिका निर्वाह गरेको उल्लेख गर्दै आगामी दिनमा पनि यात्रु सेवा, व्यवसायीको हित र सामाजिक सेवामा अझ प्रभावकारी ढंगले अघि बढ्नुपर्ने धारणा व्यक्त गरे । सांसद रानाले संस्थाको नेतृत्व गर्ने व्यक्तिमा लोकतान्त्रिक सोच, पारदर्शिता, इमान्दारिता र क्रियाशीलता अनिवार्य गुण हुनुपर्ने बताए । यी चार आधारभूत चरित्र भएमा मात्र संस्थामा विश्वसनीयता, सुशासन र दिगोपना कायम रहने उनको भनाइ थियो ।कार्यक्रममा तानसेन नगर पालिकाका प्रवक्ता यादवसिंह कार्की, पाल्पा व्यापार संघका अध्यक्ष विष्णुबहादुर कार्की, पाल्पा उद्योग




वाणिज्य संघकी वाणिज्य उपाध्यक्ष रञ्जनाकुमारी थापा अर्याल, युनाइटेड मिसन अस्पतालकी निर्देशक रचेल कारख, लुम्बिनी मेडिकल कलेजका कम्पनी सचिव कृष्ण पराजुली, नेपाल रेडक्रस सोसाइटी पाल्पाका सभापति बाबुराम कार्की, जिल्ला ट्राफिक कार्यालय पाल्पाका प्रमुख राजेन्द्र खड्का, नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेना लगायतले अधिवेशन तथा साधारण सभाको सफलताको शुभकामना व्यक्त गरेका थिए । सोही अवसरमा कम्पनीले विभिन्न व्यक्ति तथा संस्थालाई आर्थिक सहयोग प्रदान गरेको छ । दुर्घटनामा परी हात गुमाएका चालक फस्टबहादुर आलेलाई ५ लाख रुपैयाँ, मिर्गौला रोगबाट पीडित संस्थाका सदस्य यमबहादुर बूढाथोकीलाई ५० हजार रुपैयाँ, रक्तसञ्चार सेवा (ब्लड बैंक) सञ्चालनका लागि नेपाल रेडक्रस सोसाइटी पाल्पालाई ५० हजार ५ सय ५५ रुपैयाँ तथा ट्राफिक व्यवस्थापनमा योगदान पुऱ्याउँदै आएका नागरिक ट्राफिक टोपप्रसाद श्रेष्ठलाई ५ हजार रुपैयाँ सहयोग गरिएको कम्पनीका सदस्य सचिव भविन्द्र गौतमले जानकारी दिए ।

कार्यक्रममा १० जना उत्कृष्ट चालक तथा संस्थामा लामो समयदेखि अविच्छिन्न रूपमा कार्यरत तीन जना कर्मचारीलाई सम्मान समेत गरिएको थियो । सभामा कम्पनीका कोषाध्यक्ष किरण चित्रकारले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । साथै विभिन्न विभागका प्रगति प्रतिवेदन समेत प्रस्तुत गरी छलफल गरिएको थियो । कम्पनीका अध्यक्ष डिलबहादुर ढुंगानाको अध्यक्षता, सञ्चालक लक्ष्मण पाण्डेको स्वागत, सदस्य सचिव तथा कार्यालय प्रमुख भविन्द्र गौतमको सञ्चालनमा उद्घाटन सत्र कार्यक्रम भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## स्वास्थ्यप्रति सचेत बनौँ

पछिल्ला केही वर्षयता नेपालमा स्वास्थ्य समस्या जटिल बन्दै गएको छ । फैलिँदो नसर्ने रोगहरूका कारण मानव स्वास्थ्य नटिल बन्दै गएको छ । अस्वस्थ जीवनशैली, प्रदूषण, असन्तुलित खानपान, सरुवा तथा नसर्ने रोगको बढ्दो जोखिमका कारण स्वास्थ्य सुरक्षा चुनौतीपूर्ण बन्दै गएको हो ।

मुटु तथा रक्तनलीसम्बन्धी रोग, मधुमेह, क्यान्सर, दीर्घ श्वासप्रश्वाससम्बन्धी रोग, र दीर्घ मिर्गौला रोगजस्ता नसर्ने रोगका बिरामीहरूको संख्या निरन्तर बढ्दै गएको छ । यी रोगहरू एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दैनन्, तर लामो समयसम्म रहन्छन् र उपचार तथा व्यवस्थापन आवश्यक पर्छ । नसर्ने रोग बढ्नुका मुख्य कारणहरूमा अस्वास्थ्यकर खानपान, शारीरिक निष्क्रियता, धूम्रपान, मदिरा सेवन, मोटोपन, मानसिक तनाव तथा वातावरणीय प्रदूषण पर्छन् । यस्ता कारणहरूले व्यक्तिको स्वास्थ्यमा दीर्घकालीन असर पार्दै जीवनको गुणस्तर घटाउने र अकाल मृत्युको जोखिम बढाउने काम गर्छन् । यस्तो अवस्थामा प्रत्येक नागरिक स्वास्थ्य सुरक्षाप्रति सचेत हुनु अत्यन्त आवश्यक छ । स्वास्थ्य सुरक्षा केवल अस्पताल वा औषधिमा मात्र निर्भर हुँदैन । व्यक्तिगत सरसफाइ, पौष्टिक आहार, नियमित व्यायाम, पर्याप्त आराम, सुरक्षित खानेपानी, समयमै स्वास्थ्य परीक्षण तथा आवश्यक खोप लगाउने बानीले धेरै रोगबाट बच्न सकिन्छ । साथै, सार्वजनिक स्थानको सरसफाइ कायम राख्नु र वातावरण संरक्षण गर्नु पनि स्वास्थ्य सुरक्षाका महत्वपूर्ण पक्ष हुन् । सरकारले गुणस्तरीय स्वास्थ्य सेवा, जनचेतनामूलक कार्यक्रम तथा सबै नागरिकको पहुँचमा स्वास्थ्य सुविधा विस्तार गर्न विशेष ध्यान दिनुपर्छ । विद्यालय, सञ्चारमाध्यम, स्थानीय तह र सामाजिक संस्थाहरूले पनि स्वास्थ्य शिक्षा र जनचेतना अभिवृद्धिमा सक्रिय भूमिका खेल्न आवश्यक छ । तर सरकारको प्रयास मात्र पर्याप्त हुँदैन । प्रत्येक नागरिकले आफ्नो स्वास्थ्यप्रति जिम्मेवार बन्दै स्वस्थ जीवनशैली अपनाउनुपर्छ । स्वास्थ्य सुरक्षालाई दैनिक जीवनको अभिन्न हिस्सा बनाउनुपर्छ । अन्ततः, स्वस्थ नागरिकबाट नै समृद्ध समाज र राष्ट्र निर्माण सम्भव हुन्छ । त्यसैले स्वास्थ्य सुरक्षालाई व्यक्तिगत मात्र होइन, सामाजिक दायित्वका रूपमा ग्रहण गर्दै सबैले सचेत, जिम्मेवार र अनुशासित जीवनशैली अपनाउनु आजको आवश्यकता हो । स्वास्थ्य सुरक्षामा सचेत बनौँ, स्वस्थ समाज निर्माणमा योगदान दिऔँ ।

### Opinion @ Social Network

आफु खुशी हुनु ठुलो कुरा रहेछ,
अरूलाई त जे गरेपनि चित्त बुझाउन सकिँदैन !!
*(रमेश सुनारको फेसबुक स्टाटसबाट www.facebook.com/Ramesh.Sunar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# जितगढीदेखि तानसेन : ऐतिहासिक विजय पथको पुनर्जीवन



**पदम न्यौपाने**

“हे भगवती माता हजुरको आशिर्वादले हामीले दुई पटक अंग्रेजहरुको शसक्त आक्रमणलाई निस्तेज पार्न सफल भयौं, हजुरको यो कृपाप्रति हामी नतमस्तक छौं । साष्टाङ्ग दण्डवत सहित यो प्रतिज्ञा गर्दछौं की हजुरको भव्य ३ तले मन्दिर निर्माण सम्पन्न भएपश्चातदेखी माताको प्रतिमूर्ति राखेर हर्षोल्लासका साथ रथ यात्रा निकाली बजार परिक्रमा गर्ने र माताको महिमा र शक्तिको विस्तारमा लाग्नेछौं ।” तत्कालिन कर्णेल उजीरसिंहले अंग्रेज सेनालाई युद्धमा हराएपश्चात पाल्पा मुकाम फर्किएर पाल्पा भगवती माता समक्ष गरेको प्रतिज्ञाको यस्तो हुन सक्ने कल्पना गर्न सकिन्छ, किनकी युद्ध लड्न जानु अगाडि भगवती माता समक्ष यस्तै भाकल गरेर सेना सहित युद्धस्थल बुटवल नुवाकोट गएका थिए । इतिहासमा केही विजयहरू केवल युद्ध जितेका घटनाको मात्र चित्रण हुँदैनन्,त्यस्ता युद्धहरु राष्ट्रको स्वाभिमान, आत्मविश्वास र राष्ट्रिय अस्तित्वसँग गाँसिएका अमूल्य स्मृति पनि हुन्छन् । बुटवलको जितगढी विजय पनि त्यस्तै गौरवपूर्ण इतिहासको जिवित चित्रण हो । वि.सं. १८७२ वैशाख ७ गते कर्णेल उजिरसिंह थापाको नेतृत्वमा नेपाली फौजले अंग्रेज फौजलाई जितगढीमा पराजित गरेको घटना नेपालको इतिहासमा विशेष महत्व राख्छ । यस अघि वि.स. १८७१मा पनि अग्रेजसँग युद्ध भएको थियो र विजयहासिल गरेको थियो । आज बुटवलमा त्यस्तै दोश्रो पटकको युद्ध या १८७२ बैशाख ७ गतेको विजयको स्मरणमा विजय उत्सव मनाइन्छ । तर यो इतिहासको अर्को महत्वपूर्ण पाटो पनि छ, विजयपछि विजयी सेनाको पाल्पा फर्काइ, भगवतीप्रतिको कृतज्ञता र त्यसबाट जन्मिएको विजयको सांस्कृतिक परम्परालाई पनि उत्तिकै महत्वका साथ जोडिन आवश्यक छ, जुन अहिलेसम्म छुटाइएको छ । कर्णेल उजिरसिंह थापा युद्धमा जानुअघि तानसेनस्थित भगवती मन्दिरमा पुगेर भगवतीसँग विजयको आशीर्वाद मागेको र युद्धमा विजय प्राप्त भएमा भगवतीको भव्य मन्दिर निर्माण गरी जात्रा चलाउने भाकल गरेको विवरण पाइन्छ । युद्धमा विजय हासिल भएपछि उजीर सिंहले आफ्नो प्रतिज्ञाअनुसार रणउजीरेश्वरी भगवतीको तीनतले मन्दिर निर्माण गराए र भगवतीको रथयात्रा अर्थात् सिन्दूर जात्राको परम्परा सुरु गरे । यही परम्परा आजसम्म सांस्कृतिक विरासतको रुपमा निरन्तर चलिरहेको छ । यस घटनालाई केवल धार्मिक आस्थाको विषयका रूपमा मात्र हेर्नु र बुझ्नु इतिहासको आधा पाटो बुझ्नु हो । यसको भित्री मर्म र अर्थ अत्यन्त गहिरो छ । जितगढीमा युद्ध भयो, विजय प्राप्त भयो, अनि विजयी सेनाको स्मृति बुटवल जीतगढीमा विजय उत्सव र पाल्पामा भगवतीको रथयात्रा विरासतका रूपमा जीवित रह्यो । अर्थात् बुटवलको जितगढी र पाल्पाको भगवती जात्रा वास्तवमा एउटै ऐतिहासिक घटनाका दुई अभिन्न अध्याय हुन् । एउटा अध्याय युद्धभूमिको विजय हो भने अर्को अध्याय विजयपछि व्यक्त गरिएको कृतज्ञता, आस्था र सांस्कृतिक उत्सव हो । यही पृष्ठभूमिमा आज एउटा महत्वपूर्ण प्रश्न उठाउन सकिन्छ, यदि विजयको कथा जितगढीबाट सुरु भएर पाल्पाको भगवती मन्दिरमा पुगेर पूर्ण हुन्छ भने, त्यस ऐतिहासिक यात्रालाई जोड्ने पुरानो बुटवल-तानसेन बाटोको पहिचान कहाँ छ ? यो प्रश्न केवल मनको कल्पनाको प्रश्न मात्र होइन, यो इतिहासको निरन्तरता र स्मृतिको भूगोलसँग सम्बन्धित प्रश्न पनि हो । यही जिज्ञासा सहित यो आलेखकारले विगत केही समयदेखी भगवती मन्दिर सम्वद्ध समिति, विभिन्न मञ्च, नेपाली सेनाको पाल्पा गण प्रमुखहरु लगायतसँग निरन्तर राख्दै आएको पनि हो । यो आलेखमा यसको सान्दर्भिकता सम्बन्धमा बहसका लागि आमन्त्रण गर्दै विजयपथ पुनर्स्थापना गर्नका लागि आह्हान समेत गरिएको छ ।

**औचित्यको सार**

कर्णेल उजिरसिंहको नेतृत्वमा नेपाली फौज अंग्रेजसँग युद्ध गर्न बुटवलतर्फ गयो । विजय प्राप्त गरिसकेपछि विजयी भावनासहित त्यही ऐतिहासिक मार्ग हुँदै पाल्पा फर्कियो । विजयउत्सव मनाउँदै सेना पाल्पा पुगेपछि भगवती समक्ष विजयको कृतज्ञता व्यक्त गर्ने संकल्प पूरा भयो । यसलाई आजको पुस्ताले कल्पना गर्नुपर्ने ऐतिहासिक दृश्य एउटा यस्तो यात्राको हो,पाल्पाको भगवतीसमक्ष आशीर्वाद मागेर प्रस्थान, जितगढीमा विजय, अनि विजयको उल्लास सहित पुन: पाल्पा आगमनको चरण । यो यात्रा नै वास्तवमा ‘विजयपथ’को सांस्कृतिक अवधारणाको आधार बन्न सक्छ र बनाउनु पर्दछ । अहिले बुटवलमा जितगढी विजय दिवस मनाइन्छ । यो अत्यन्त सकारात्मक, आवश्यक र ऐतिहासको सम्मान पनि हो । यो उत्सवमा फूलबारीस्थित सेनकालिन दरबारको भूमिका समेतलाई स्मरण गर्न जरुरी छ । किनकी जीतगढी क्षेत्र र सो दरबार विचको सम्बन्ध अन्योन्याश्रित रहेको थियो र छ भन्ने प्रमाण अहिले पनि देखिन्छ, अनुभव गर्न सकिन्छ । उत्सव मनाइने क्षेत्र जितगढीमा विजय स्तम्भ, स्मारक, संग्रहालय र ऐतिहासिक संरक्षणका प्रयासहरू अघि बढाइनु पनि समयको माग हो । तर विजयको स्मृति जितगढीमै सीमित हुँदा इतिहासको एउटा महत्वपूर्ण आयाम छुट्न सक्छ गएको भान हुन्छ । किनभने युद्धभूमिमा विजय प्राप्त गर्नु एउटा घटना होह विजयको स्मृति र कृतज्ञतालाई समाजमा संस्कृतिका रूपमा स्थापित गर्नु अर्को ठूलो उपलब्धि हो । पाल्पाको भगवती रथयात्राले यही दोस्रो पक्षलाई प्रतिनिधित्व गर्छ । यसले युद्धको विजयलाई धार्मिक आस्था, सांस्कृतिक परम्परा र सामुदायिक उत्सवसँग जोडेको छ । त्यसैले बुटवलको जितगढी विजय उत्सव र पाल्पाको भगवती रथयात्रालाई अलग-अलग कार्यक्रमका रूपमा मात्र होइन, एउटै ऐतिहासिक विजयका दुई ुर्वका रूपमा स्थापित गर्न सकिन्छ । यही पृष्ठभूमिमा ‘बुटवल-तानसेन विजयपथ’को अवधारणा अघि सार्नु उपयुक्त ठानिएको हो । पुरानो ऐतिहासिक बाटोको अध्ययन, पहिचान, संरक्षण र सम्भव भएसम्म पुनर्जीवन गरी त्यसलाई इतिहास, संस्कृति, पर्यटन र स्थानीय अर्थतन्त्रसँग जोड्न सकिन्छ । यसले सडकलाई मात्र होइन, बाटोमा पर्ने बस्ती, चौतारा, पौवा, पाटी, मन्दिर, गढी, ऐतिहासिक स्थल र पुराना व्यापारिक केन्द्रलाई पनि एउटै सांस्कृतिक मार्गमा जोड्न सक्छ । यस्ता अवधारणाहरुले धेरैको मनमा रहेको चाहानालाई प्रतिविम्वित गर्दछन् । विजयपथको अवधारणा केवल पर्यटकीय दृष्टिको परियोजना बनाइनु हुँदैन । यो पथ इतिहास र संस्कृति पढ्ने खुला संग्रहालय बन्नुपर्छ । विजय पथको अवधारणाबाट अध्येता, खोजकर्ता र विद्यार्थीले यहाँ आएर नेपाल-अंग्रेज युद्धको इतिहास बुझून्,नयाँ पुस्ताले उजिरसिंह थापाको नेतृत्व र योगदानबारे जानून्, स्थानीय समुदायले आफ्नो इतिहाससँग सम्बन्धित मौलिक सम्पदा संरक्षण गरून् र बाह्य पर्यटकले नेपालको वीरता, संस्कृति र धार्मिक आस्थालाई एउटै यात्रामा अनुभव गर्न सकून् भन्नेमा भूमिका निर्वाह गर्नेछ ।

**अब के गर्ने ?**

यसका लागि बुटवलमा हुने विजय उत्सवलाई अझ व्यापक बनाउन जरुरी छ । वैशाख ७ गते जितगढीमा विजय दिवस मनाउने र त्यसपछि ऐतिहासिक मार्ग हुँदै पाल्पासम्म पुग्ने ‘विजय यात्रा’ आयोजना गर्ने अवधारणा विकसित गर्न आवश्यक छ । यसलाई कुनै सैन्य प्रदर्शन वा युद्धको आक्रामक स्मरणका रूपमा होइन, राष्ट्रिय स्वाभिमान, शान्ति, एकता र इतिहासप्रतिको सम्मानको सांस्कृतिक यात्राका रूपमा अघि बढाउन सकिन्छ । यस्तो यात्रामा बुटवलदेखि पाल्पासम्मका स्थानीय तह, इतिहासविद्, संस्कृतिविद्, नेपाली सेना, स्थानीय समुदाय, विद्यालय, विश्वविद्यालय, पर्यटन व्यवसायी र नागरिक समाजलाई सहभागी गराउन सकिन्छ । बाटोमा ऐतिहासिक जानकारी दिने सूचना केन्द्र, डिजिटल अभिलेख, साइनेज र स्मृति चौतारी निर्माण गर्न सकिन्छ । पुरानो बाटोको वैज्ञानिक अध्ययन गरेर जहाँ सम्भव छ त्यहाँ पैदलमार्ग, सांस्कृतिक पदमार्ग वा सम्पदा मार्गका रूपमा विकास गर्न सकिन्छ । यसरी हेर्दा जितगढी विजय उत्सव बुटवलको मात्र उत्सव होइनह यो सम्पूर्ण पाल्पा-बुटवल क्षेत्रको साझा ऐतिहासिक उत्सव हो । त्यसैगरी भगवती जात्रा पाल्पाको मात्र धार्मिक पर्व होइनह यसको ऐतिहासिक जरा जितगढीको विजयसँग जोडिएको छ । यो राष्ट्रिय पर्व पनि हो । त्यसैले यी दुवै पक्षलाई जोडेर एउटा व्यापक सांस्कृतिक आख्यान निर्माण गर्न आवश्यक छ । यस सन्दर्भमा एउटा महत्वपूर्ण सांस्कृतिक प्रतिकको कल्पना गर्न सकिन्छ, ‘जितगढीदेखि भगवतीसम्म’ । वा यसलाई यसरी पनि भन्न सकिन्छ, युद्धभूमिबाट विजयको सन्देश बोकेर फर्किएको ऐतिहासिक यात्रालाई आजको पुस्ताले पुन: सांस्कृतिक यात्राका रूपमा सम्झने । यो यात्रा हतियारको विजयको स्मरणभन्दा माथि उठेर साहस, नेतृत्व, राष्ट्रिय एकता, कृतज्ञता र सांस्कृतिक निरन्तरताको प्रतिक बनाउन जरुरी छ । इतिहासले हामीलाई केवल विगत मात्र सम्झन सिकाउँदैनह इतिहासले वर्तमानलाई आफ्नो जरा चिनाउन र भविष्य निर्माण गर्न पनि प्रेरणा दिन्छ । उजिरसिंह थापाको कथा त्यस्तै प्रेरणाको कथा हो भनिरहनु पर्दैन । युद्धमा जानुअघि आशीर्वाद माग्नु, विजयपछि आफ्नो प्रतिज्ञा पूरा गर्नु र त्यसलाई पुस्तौँसम्म चल्ने सांस्कृतिक परम्परामा बदल्नु–यो इतिहासको अत्यन्त सुन्दर पक्ष हो, गौरव हो । अब समय आएको छ,जितगढीको विजय र भगवतीको विजय रथ यात्रा (भगवति जात्रा) बीचको ऐतिहासिक सेतुका रूपमा बुटवलदेखि तानसेनसम्मको पुरानो बाटोलाई ‘विजयपथ’का रूपमा पहिचान, नामाकरण र संरक्षण गर्ने । बुटवलमा विजयको उद्घोष होस्, जितगढीमा इतिहासको स्मरण होस्, पुरानो बाटोमा विजयपथको अनुभूति होस् र तानसेनमा भगवतीसमक्ष कृतज्ञताको सांस्कृतिक अभिव्यक्ति होस् । यसरी मात्र एउटा युद्धको इतिहास पूर्ण वृत्तमा जोडिन्छ–प्रस्थानमा प्रार्थना, युद्धभूमिमा विजय, फर्कंदा उल्लास र अन्त्यमा कृतज्ञता, यो आलेखको मुख्य उद्देश्य यही हो । हामीले जितगढीलाई केवल एउटा किल्ला, भगवतीलाई केवल एउटा मन्दिर र पुरानो बाटोलाई केवल एउटा नून बोक्ने वा व्यापारिक बाटोका रूपमा हेर्नु हुँदैन । यी तीनवटै मिलेर एउटा सम्पूर्ण ऐतिहासिक कथा बनाउँछन् । जितगढी विजयको जन्मभूमि हो, विजयपथ त्यसको यात्रा हो र भगवती मन्दिर त्यस विजयको सांस्कृतिक गन्तव्य । त्यसैले अबको आवश्यकता एउटा नयाँ स्मारक थप्नु मात्र होइनह इतिहासलाई जोड्नु हो । बुटवलको वैशाखे विजय उत्सवलाई पाल्पाको भाद्रको भगवती जात्रासँग जोड्दै, जितगढीदेखि तानसेनसम्मको पुरानो बाटोलाई ‘विजयपथ’का रूपमा विकास गर्न सकेमा यो क्षेत्र नेपालको इतिहास, संस्कृति र पर्यटनको अनुपम धरोहर बन्नाउन हाम्रो पहल प्रारम्भ हुन जरुरी छ ।

**सारमा,**

कर्णेल उजीरसिंह थापाले जितेको विजयभूमि बुटवल हो । उनले विजयको कृतज्ञता अर्पण गरेको सांस्कृतिक भूमि पाल्पा हो । यी दुईलाई जोड्ने ऐतिहासिक बाटो नै हाम्रो साझा ‘विजयपथ’ हो । अन्त्यमा, अब हरेक वैशाख ७ गते बुटवल जीतगढीमा मनाइने विजय उत्सवले एउटा नयाँ सन्देश दिनुपर्छ, ‘जितगढीमा विजय सम्झौं, विजयपथमा इतिहास पछ्याऔँ र भगवतीको चरणमा कृतज्ञता अर्पण गरौँ ।’ साथै, सेनकालिन पाल्पा राज्यको क्षमता र वजन अनि आधुनिक नेपालको इतिहासमा पाल्पाको विराशतको संयोजन गरौं । यही नै इतिहासप्रति सच्चा सम्मान र भावी पुस्ताप्रतिको हाम्रो सांस्कृतिक जिम्मेवारी हुनेछ ।

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : समयमा चालिएको पाइला सफलताको आधार बन्नेछ। विश्वासले हौसला थप्नेछ। | **तुला** : रुचिको कामले मनमा रंग भर्नेछ। मुस्कान बाँड्ने बानीले सम्बन्ध मिठो बन्नेछ। |
| **वृष** : घरमा रमाइलो कुरा हुने संकेत छ। मनमा पुरानो आत्मीयता फेरि जाग्नेछ। | **वृश्चिक** : रोकिएको कुरा खुल्दै जाने संकेत छ। निर्णय लिन सजिलो हुनेछ। |
| **मिथुन** : जिज्ञासाले नयाँ ढोका खोल्नेछ। सानो प्रयासले पनि राम्रो फल दिनेछ। | **धनु** : हरेक क्षणलाई ध्यान दिएर लिनु राम्रो हुनेछ। हाँसोले भरिएको समय बित्नेछ। |
| **कर्कट** : परिवर्तनले मनमा नयाँपन ल्याउन सक्छ। काम क्रम मिलाएर गर्नु राम्रो हुनेछ। | **मकर** : धैर्यको कामले मिठो प्रतिफल दिन थाल्नेछ। उपलब्धिले जाँगर दिनेछ। |
| **सिंह** : बोली र व्यवहारले धेरैको मन छुनेछ। काम अगाडि बढ्ने संकेत छ। | **कुम्भ** : मनको सोचलाई रोकिराख्नु पर्दैन। क्षमता राम्रोसँग चिन्ने अवसर मिल्नेछ। |
| **कन्या** : धेरै सोच्दा अलमल बढ्न सक्छ। घरको वातावरणले मनलाई हलुका बनाउनेछ। | **मीन** : मनले खोजेको शान्ति भेटिनेछ। चाहनाले भोलिको बाटो देखाउनेछ। |

## शिक्षा

# विद्यालयमा महिनावारी स्वास्थ्य शिक्षा प्रभावकारी बनाउन जोड



विद्यालय शिक्षा प्रणालीमा महिनावारी स्वास्थ्य शिक्षालाई व्यवस्थित रूपमा एकीकृत गर्न सैँय सांसद, नीति निर्माता, अनुसन्धानकर्ता, शिक्षकहरू र विकास अभ्यासकर्ताले जोड दिएका छन् । ग्लोबल एक्सन नेपाल (ज्ञान) द्वारा ज्ञान सिकाइ केन्द्र, ललितपुरमा आज आयोजित 'महिनावारी स्वास्थ्य शिक्षा र एकीकृत स्रोत किट' सम्बन्धी छलफलमा सहभागीहरूले महिनावारी स्वास्थ्य एक समस्या मात्र नभई शिक्षा, मर्यादा, लैङ्गिक समानता र मानव अधिकारको विषय रहेकाले यसलाई नीतिगत रूपमा समायोजन गर्न आग्रह गरेका हुन् । 'डिग्निटी विदाउट डेन्जर (डिडब्लुडी) अनुसन्धान परियोजना' र 'महिनावारी स्वास्थ्य शिक्षाका लागि स्रोत किट'को प्रभावकारिता अध्ययनले यसलाई प्रभावकारी बनाउन सकिनेमा जोड दिइएको छ । अध्ययन किटलाई सातै प्रदेशका ६३ विद्यालयमा लागू गरिएको छ, जसमा सात हजार ६०० विद्यार्थी, १५५ शिक्षक र ४२० आमाहरू सहभागी छन् । कार्यक्रमलाई प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति डा ओजस्वी शेरचनले महिनावारी स्वास्थ्य समस्याले विशेषगरी ग्रामीण र सीमान्तकृत समुदायका बालिकाको शैक्षिक सहभागितालाई असर गर्ने बताए । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद उहाँले सेनेटरी प्याडको उत्पादन अभाव, समाजमा सीमित चेतनाको स्थितिका कारण बालिकामा विद्यालयको नियमिततामा समस्या देखिएकाले बताए । उनले शिक्षक र अभिभावकलाई महिनावारी भएका बालिकालाई सहयोग गर्न अझ बढी क्षमता विकास गर्नुपर्नेमा जोड दिए । समितिका सदस्य सांसद गुरुप्रसाद बरालले महिनावारीलाई अदृश्य र पीडादायी मुद्दाको चर्चा गर्दै स्थानीय सरकार, विद्यालय व्यवस्थापन समिति र विद्यालयका नेतृत्वकर्ता जवाहदेही भएमा परिवर्तन हुने बताए । सांसद डा तोसिमा कार्कीले सेनेटरी प्याड वितरण निर्देशिका, २०७५ लाई परिमार्जन गरी समयसापेक्ष बनाउनुपर्नेमा जोड दिए । बालिकाहरूले आफ्नो पहिलो महिनावारी हुनुभन्दा अगाडि व्यवहारिक रूपमा महिनावारी शिक्षा प्राप्त गर्नुपर्ने उनको भनाइ छ । सांसद राधिका रम्तेलले सबै सरकारका नीति, कार्यक्रम र बजेटमार्फत विद्यालय तहका बालिकाहरूले सामना गर्ने वास्तविक समस्याको सम्बोधन हुनुपर्नेमा जोड दिए । अध्ययनले नेपालको विद्यालय पाठ्यक्रममा महिनावारी स्वास्थ्य विषयहरू समावेश गरिए पनि अपर्याप्त शिक्षण सामग्री, सीमित शिक्षक तालिम, कमजोर सरसफाइ सुविधाहरू र स्थापित सामाजिक कलङ्कका कारण कार्यान्वयन कमजोर रहेको देखाएको छ । अनुसन्धानकर्ता प्रा डा किशोर श्रेष्ठले सर्वेक्षण गरिएका शिक्षकमध्ये केवल १७ दशमलव चार प्रतिशतले मात्रै महिनावारी स्वास्थ्य सिकाउने औपचारिक तालिम प्राप्त गरेका जनाउँदै विद्यालयमा शिक्षक मार्गदर्शक, अपाङ्गता (समावेशी) सिकाइ स्रोतहरू, श्रव्यदृश्य सामग्री, स्कुल नर्सहरू र पर्याप्त सरसफाइ सुविधाको अभाव देखिएको बताए । लिभरपुल जोन मुर्स विश्वविद्यालयका प्रा डा सारा पार्करले महिनावारी स्वास्थ्य एक विश्वव्यापी मुद्दा भएकाले यसलाई समुदाय र सरोकार भएका निकायबीच समन्वय आवश्यक भएको बताए । प्रा डा मधुसूदन सुवेदीले हरेक परिवार र समुदायभित्र हुने भेद्भावको सामना गर्नुपर्ने बताए । शिक्षा तथा खेलकुद मन्त्रालयका उपसचिव समन्तमणि आचार्यले बालिका र महिलाको अधिकारको रक्षालाई शैक्षिक प्रणालीले प्राथमिकतामा राखेको जानकारी दिए । राष्ट्रिय युवा परिषद्का प्रशासकीय प्रमुख गेहनाथ गौतमले बालिका तथा किशोरीको शिक्षा-स्वास्थ्यका क्षेत्रका समस्या समाधानमा सरकार र सम्बद्ध पक्षबीच सहकार्य हुनुपर्नेमा जोड दिए । ज्ञानका कार्यकारी निर्देशक बीके श्रेष्ठले शिक्षामा पहुँचवृद्धिलाई सघाउन र शैक्षिक अवरोधलाई अध्ययनले सम्बोधन गर्ने अपेक्षा व्यक्त गर्दै महिनावारी स्वास्थ्य शिक्षाका क्षेत्रमा बालिकाले सामना गर्नुपरेको वास्तविकता पहिचान गरी दीर्घकालीन समाधान खोज्नुपर्ने धारणा राखे ।*-रासस*

# हुम्लामा विज्ञान-प्राविधिक शिक्षार्थीलाई मासिक छात्रवृत्ति




दुर्गम हिमाली जिल्ला हुम्लामा विज्ञान तथा प्राविधिक शिक्षाप्रति विद्यार्थीको आकर्षण बढाउन र गुणस्तरीय शिक्षामा पहुँच विस्तार गर्ने उद्देश्यले पहिलोपटक मासिक छात्रवृत्ति कार्यक्रम शुरू गरिएको छ । सदरमुकाम सिमकोटस्थित मानसरोवर माध्यमिक विद्यालयमा अध्ययनरत कक्षा ११ र १२ का विज्ञान तथा प्राविधिक संकायका विद्यार्थीलाई लक्षित गर्दै सिमकोट गाउँपालिका, आधार नेपाल र विद्यालयबीच त्रिपक्षीय सम्झौता भएको हो । सम्झौताअनुसार कार्यक्रम साउन महिनादेखि एक वर्षसम्म सञ्चालन हुनेछ । विज्ञान तथा प्राविधिक संकायमा अध्ययनरत विद्यार्थीलाई नियमित अध्ययनमा टिकाइराख्न तथा कृषि र शिक्षातर्फ ऐच्छिक अङ्ग्रेजी, विज्ञान र गणित विषयप्रति आकर्षण बढाउने उद्देश्यले छात्रवृत्ति उपलब्ध गराइनेछ । कार्यक्रमअन्तर्गत छात्राले मासिक ५ हजार रुपैयाँ र छात्रले ४ हजार ५ सय रुपैयाँ प्राप्त गर्नेछन् । सम्झौतापत्रमा सिमकोट गाउँपालिकाका अध्यक्ष विजय भण्डारी, शिक्षा शाखा प्रमुख कृष्णप्रसाद आचार्य, आधार नेपालका कार्यकारी निर्देशक प्रह्लाद ढकाल, शिक्षा अधिकृत कुन्जोक लामा तथा मानसरोवर माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मानबहादुर रोकाया र सहप्राध्यापक राजबहादुर शाहीले हस्ताक्षर गरेका छन् । कार्यक्रममा स्वागत मन्तव्य राख्दै सहप्राध्यापक राजबहादुर शाहीले हुम्लाका सबै स्थानीय तहका विद्यार्थी अध्ययन गर्ने विद्यालयलाई छनोट गरी छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्नु दूरदर्शी निर्णय भएको बताए । आर्थिक अभावका कारण विज्ञान तथा प्राविधिक शिक्षा बीचमै छाड्नुपर्ने अवस्थालाई न्यूनीकरण गर्न यस कार्यक्रमले महत्वपूर्ण योगदान पुग्ने उनको भनाइ थियो । आधार नेपालकी युवा तथा बाल संरक्षण प्रमुख राङला लामाले विद्यार्थीलाई उच्च शिक्षाका लागि जिल्ला बाहिर जानुपर्ने बाध्यता कम गर्दै आफ्नै जिल्लामा गुणस्तरीय शिक्षा हासिल गर्न प्रोत्साहन गर्ने उद्देश्यले कार्यक्रम ल्याइएको बताइन् । सिमकोट गाउँपालिकाका शिक्षा शाखा प्रमुख कृष्णप्रसाद आचार्यले स्थानीय सरकार र विकास साझेदार संस्थाको संयुक्त लगानीलाई प्रभावकारी बनाउन शिक्षक, अभिभावक र विद्यार्थी सबैको सक्रिय जिम्मेवारी आवश्यक रहेको बताए । आधार नेपालका शिक्षा अधिकृत कुन्जोक लामाले छात्रवृत्ति कार्यक्रमको उद्देश्य, छनोट प्रक्रिया तथा कार्यान्वयनका सर्तबारे जानकारी गराएका थिए । कार्यक्रमका प्रमुख अतिथि गाउँपालिका अध्यक्ष विजय भण्डारीले आर्थिक रूपमा कमजोर तथा विपन्न परिवारका विद्यार्थीलाई उच्च शिक्षामा टिकाइराख्न छात्रवृत्तिले ठूलो टेवा पुग्ने बताए । स्थानीय सरकारले एक्लै गर्न नसकेका क्षेत्रमा आधार नेपालले सहकार्य गर्दै उदाहरणीय योगदान दिएको उनले उल्लेख गरे । विद्यालय व्यवस्थापन समिति अध्यक्ष मानबहादुर रोकायाले छात्रवृत्ति कार्यक्रमले गरिब, जेहेन्दार तथा अवसरबाट वञ्चित विद्यार्थीलाई उच्च शिक्षा हासिल गर्न थप प्रेरणा मिल्ने विश्वास व्यक्त गर्दै आगामी वर्षहरूमा पनि कार्यक्रमलाई निरन्तरता दिन आग्रह गरे । कार्यक्रममा गाउँपालिका उपाध्यक्ष सुसिला रोकाया, विभिन्न वडाका जनप्रतिनिधि, शिक्षक, अभिभावक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, शिक्षक-अभिभावक संघ, आधार नेपालका प्रतिनिधि तथा सञ्चारकर्मीको सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन विद्यालयका शिक्षक शिव शर्मा पौडेलले गरेका थिए ।

*-हाम्रा कुरा डटकम*

# शिक्षामन्त्रीद्वारा मानसिक स्वास्थ्यलाई नीतिगत प्राथमिकतामा राख्ने प्रतिबद्धता



शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले मानसिक स्वास्थ्यलाई शिक्षा क्षेत्रको महत्त्वपूर्ण विषयका रूपमा नीतिगत प्राथमिकतामा राख्दै सरोकारवालासँग विस्तृत अन्तरक्रिया गरेका छन् । सिंहदरबारस्थित शिक्षा तथा खेलकुद मन्त्रालयमा बिहीबार आयोजित छलफलमा विद्यालयदेखि विश्वविद्यालयसम्म मानसिक स्वास्थ्यलाई कसरी प्रभावकारी रूपमा संस्थागत गर्ने, विद्यमान चुनौतीहरूको समाधान र समुदायस्तरमा जनचेतना विस्तार गर्ने विषयमा विस्तृत विचार विमर्श भएको हो । अन्तरक्रिया कार्यक्रममा प्रतिनिधिसभाका सदस्य, त्रिभुवन विश्वविद्यालयको मनोविज्ञान केन्द्रीय विभाग, मानसिक रोग विशेषज्ञ, मानसिक स्वास्थ्य क्षेत्रमा कार्यरत विज्ञ, सामाजिक अभियन्ता, विद्यार्थी तथा अन्य सरोकारवालाको सहभागिता रहेको थियो। सहभागीहरूले नेपालमा मानसिक स्वास्थ्यसम्बन्धी समस्या बढ्दो अवस्थामा रहेकाले शिक्षा प्रणालीमार्फत यसको रोकथाम, पहिचान र व्यवस्थापनका लागि स्पष्ट नीति, कार्यक्रम तथा आवश्यक स्रोतसाधन सुनिश्चित गर्नुपर्नेमा जोड दिएका थिए । उनीहरुले मानसिक समस्यालाई शारीरिक समस्याकै रूपमा महत्त्व दिएर सचेतना अभिवृद्धि गर्न जरुरी भएको औँल्याए । कार्यक्रमलाई सम्बोधन गर्दै शिक्षा तथा खेलकुदमन्त्री पोखरेलले मानसिक स्वास्थ्य आजको समाजको गम्भीर र संवेदनशील विषय भएको उल्लेख गर्दै यससम्बन्धी विज्ञ तथा सरोकारवालाबाट प्राप्त सुझाव र अनुभवलाई मन्त्रालयले गम्भीरतापूर्वक अध्ययन गर्ने बताए । मन्त्री पोखरेलले विद्यार्थी, शिक्षक तथा अभिभावक सबैको मानसिक स्वास्थ्यप्रति सचेतना बढाउन आवश्यक रहेको उल्लेख गर्दै विद्यालय र विश्वविद्यालयमा मनोसामाजिक परामर्श सेवा विस्तार, मानसिक स्वास्थ्यसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन तथा आवश्यक सहजीकरणका उपायहरूबारे मन्त्रालय सकारात्मक रहेको जानकारी दिए । प्रतिनिधि सभाका सदस्य क्रान्तिशिखा धितालले मानसिक स्वास्थ्यलाई नीतिगत तथा संरचनागत रूपमा व्यवस्थित गर्न आवश्यक पहल गरिने विश्वास व्यक्त गरे । उनले मानसिक स्वास्थ्य जस्तो गम्भीर विषयलाई प्राथमिकतामा राखी मन्त्रालयले सरोकारवालासँग समयसान्दर्भिक बहस सञ्चालन गरेकोमा धन्यवादसमेत ज्ञापन गरे ।*-रातोपाटी डटकम*

# शिक्षा क्याम्पसले टिकटक भिडियो प्रतियोगिता गर्ने




काठमाडौं शिक्षा क्याम्पसले शैक्षिक सत्र २०८३/८४को भर्ना अभियान थप प्रभावकारी, सिर्जनात्मक र विद्यार्थीमैत्री बनाउने उद्देश्यले टिकटक भिडियो प्रतियोगिता आयोजना गर्ने भएको छ । क्याम्पसले जारी गरेको सूचनाअनुसार बिसिए, बिबिएस, बिइडी, एमबिएस तथा एमइडी कार्यक्रमसँग सम्बन्धित भिडियो सामग्री निर्माण गरी विद्यार्थीले प्रतियोगितामा सहभागिता जनाउन सक्नेछन् । क्याम्पसका अनुसार प्रतियोगितामा सहभागी हुने भिडियोहरू काठमाडौं शिक्षा क्याम्पस परिसरमा छायांकन गरिएको, ३० सेकेण्डदेखि एक मिनेट अवधिको हुनुपर्नेछ । भिडियोमा क्याम्पसका शैक्षिक कार्यक्रम, शिक्षण-सिकाइ वातावरण, भौतिक पूर्वाधार, सूचना प्रविधिमा आधारित अभ्यास, विद्यार्थी जीवन, अतिरिक्त क्रियाकलाप तथा भर्ना अभियानसँग सम्बन्धित विषयवस्तु समेट्नुपर्नेछ । २०८३ साउन १४ गतेदेखि भदौ १३ गतेसम्म विद्यार्थीहरूले आफ्ना भिडियोहरू टिकटकमा सार्वजनिक गरी प्रतियोगितामा सहभागी हुन सक्ने बताइएको छ । मूल्यांकन गर्दा विषयवस्तुको गुणस्तर अर्थात् कन्टेन्ट, लाइक, कमेन्ट, सेयर र भ्यूज निर्णायक मण्डलको मूल्यांकन तथा प्रस्तुतीकरणलाई आधार बनाइने सूचनामा उल्लेख छ । व्यक्तिगत तथा समूह दुवै विधामा उत्कृष्ट भिडियोलाई नगद पुरस्कार प्रदान गरिनेछ । व्यक्तिगततर्फ पुरस्कार सात हजार पाँच सय, द्वितीय पुरस्कार पाँच हजार, तृतीय पुरस्कार तीन हजार र सान्त्वना पुरस्कार दुई हजार रुपैयाँ रहेको छ । त्यस्तै समूहतर्फ प्रथम पुरस्कार १० हजार, द्वितीय पुरस्कार सात हजार पाँच सय, तृतीय पुरस्कार पाँच हजार र सान्त्वना पुरस्कार तीन हजार रुपैयाँ रहेको छ । समूह प्रतियोगितामा न्यूनतम तीनजना विद्यार्थी सहभागी हुनुपर्नेछ । काठमाडौं शिक्षा क्याम्पसले प्रतियोगितालाई केवल प्रचारात्मक कार्यक्रमका रूपमा नभई विद्यार्थीको डिजिटल क्षमता विकास गर्ने शैक्षिक अभियानका रूपमा लिएको जनाएको छ । आजको डिजिटल युगमा विद्यार्थीले पाठ्यपुस्तकको ज्ञानसँगै डिजिटल सञ्चार, भिडियो निर्माण, कथा प्रस्तुतीकरण, सिर्जनात्मक सोच, सामाजिक सञ्जालको जिम्मेवार प्रयोग, ब्राण्डिङ तथा डिजिटल मार्केटिङजस्ता सीपहरू पनि विकास गर्न आवश्यक हुने भएकाले सोही आवश्यकता मध्यनजर गर्दै क्याम्पसले विद्यार्थीलाई आफ्नै संस्थाको दूत बन्ने अवसर प्रदान गरेको जनाएको छ । शिक्षाविद्हरूका अनुसार यस्ता प्रतियोगिताले विद्यार्थीको समग्र सिकाइ प्रक्रियामा सकारात्मक प्रभाव पार्छ । क्याम्पसले प्रतियोगितामार्फत् 'विद्यार्थीद्वारा सिर्जना गरिएको सामग्री'लाई संस्थागत प्रवर्द्धनसँग जोड्दै डिजिटल शिक्षाको नयाँ अभ्यास प्रारम्भ गरेको जनाएको छ ।*-इहिमालयन डटकम*

# गुल्मीमा 'विज्ञता चक्र' सम्बन्धी राष्ट्रिय गोष्ठी



**हाम्रा संवाददाता**

**गुल्मी,** (तम्घास), साउन १७/ गुल्मीको तम्घासस्थित सिद्धबाबा माध्यमिक विद्यालयमा विज्ञता चक्र अभ्यासको प्रभावकारिता सम्बन्धी राष्ट्रिय गोष्ठी भएको छ । शिक्षण सिकाइको गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले 'खोज-प्रमाण-विज्ञता' अवधारणामा आधारित विज्ञता चक्र अभ्यासको प्रभावकारिता सम्बन्धी तीनदिने राष्ट्रिय गोष्ठी भएको हो ।

गोष्ठीमा नेपालका १० जिल्लाका ४५ विद्यालयबाट एक सयभन्दा बढी प्रधानाध्यापक, शिक्षक तथा एक दर्जन विद्यार्थीको सहभागिता रहेको थियो । कार्यक्रममा तीन जना प्रधानाध्यापक, तीन जना शिक्षक र १० जना विद्यार्थीले विद्यालयमा लागू गरिएका नवीन अभ्यास, अनुसन्धान र सिकाइ अनुभव प्रस्तुत गरेका थिए । काठमाडौंको प्रज्ञा कुञ्ज विद्यालयकी प्रिन्सिपल सुनिता पौडेल, कास्कीको माछापुच्छ्रे माध्यमिक विद्यालयका प्रधानाध्यापक सन्तोष आचार्य तथा सिद्धबाबा माध्यमिक विद्यालयका प्रधानाध्यापक डोर बिक्रम श्रीसले शिक्षकको पेशागत विकास र विद्यालयका सफल अभ्यासबारे प्रस्तुति दिएका थिए । उनीहरूले विद्यालयमै तालिम तथा कार्यशाला सञ्चालन, स्व-निर्देशित सिकाइ, तालिमपछि अनुभव आदानप्रदान, नियमित समीक्षा, जिम्मेवारी बाँडफाँड, संस्थागत संरचना विकास तथा शिक्षामूलक अभियानमा सक्रिय सहभागिताले शिक्षण सिकाइमा सकारात्मक परिवर्तन आएको अनुभव सुनाए । त्यसैगरी सिद्धबाबा माध्यमिक विद्यालयकी शिक्षिका कमला महत, माछापुच्छ्रे माध्यमिक विद्यालयका शिक्षक लोकनाथ आचार्य तथा प्रज्ञा कुञ्जका शिक्षक आशिष घिमिरेले विद्यार्थीमा कृत्रिम बुद्धिमत्ता (एआई) को प्रयोग, त्यसको प्रभाव, चुनौती र शिक्षकले अपनाउनुपर्ने नयाँ अभ्यासबारे अनुसन्धानमा आधारित प्रस्तुति दिएका थिए । पाँच वर्षअघि माछापुच्छ्रे माध्यमिक विद्यालयबाट सुरु भएको 'विज्ञता चक्र' अभियानअन्तर्गत विद्यार्थी पठन क्लबमार्फत विकसित सिकाइ संस्कृतिका उपलब्धिबारे पनि विद्यार्थीहरूले आृना अनुभव सुनाएका थिए । सिद्धबाबा माध्यमिक विद्यालय, माछापुच्छ्रे माध्यमिक विद्यालय, काठमाडौं ज्ञानपुञ्ज तथा अमेरिकाको न्यू फिल्ड हाईस्कुलका विद्यार्थीहरूले पठन संस्कृतिले ज्ञानसँगै भाषिक क्षमता, सिर्जनशीलता, नेतृत्व, प्रस्तुतीकरण कला र आत्मविश्वासमा उल्लेखनीय विकास भएको बताएका थिए । गोष्ठीमा सहभागीहरूलाई आृना विद्यालयका प्रभावकारी अभ्यास पहिचान गर्ने, तिनका प्रमाण संकलन गर्ने तथा सहकर्मीबीच अनुभव आदानप्रदान गर्ने अवसर प्रदान गरिएको थियो । कार्यक्रममा न्यूयोर्क स्टेट युनिभर्सिटीका प्राध्यापक डा. श्याम शर्माले 'विज्ञता चक्र'का पाँच आधार– अध्ययन, अभ्यास, अन्तर, अन्तरक्रिया र अभिलेखीकरण–बारे विस्तृत प्रशिक्षण दिएका थिए । गोष्ठीका क्रममा उत्कृष्ट अभ्यास प्रस्तुत गरेबापत रुपन्देहीको शान्ति नमुना माध्यमिक विद्यालयका सहायक प्रधानाध्यापक धर्मगत शर्मा, पाल्पाको मोहन कन्या माध्यमिक विद्यालयका शिक्षक गोपालप्रसाद वस्याल तथा सिद्धबाबा माध्यमिक विद्यालयका शिक्षिका कमला महत सम्मानित भएका थिए । कार्यक्रमको उद्घाटन रेसुङ्गा नगरपालिकाका प्रमुख खिलध्वज पन्थीले गरेका थिए भने समापन समारोहमा शिक्षा शाखा प्रमुख पिताम्बर पन्थीले सहभागीहरूलाई प्रमाणपत्र वितरण गरेका थिए । नगर प्रमुख पन्थी, कार्यक्रमका अध्यक्ष निरञ्जन थापा र प्रधानाध्यापक डोर बिक्रम श्रीसले अतिथि तथा सम्मानित व्यक्तित्वलाई मायाको चिनो प्रदान गरेका थिए । यस अवसरमा प्राध्यापक डा. श्याम शर्माले सिद्धबाबा माध्यमिक विद्यालयमा ८० लाख रुपैयाँको अक्षय कोष स्थापना गर्ने घोषणा गरेका थिए । गोष्ठीको व्यवस्थापन सिद्धबाबा माध्यमिक विद्यालयले गरेको थियो । सहभागीहरूलाई रेसुङ्गा तपोवनको अवलोकन गराइएको थियो, जहाँ रेसुङ्गा संरक्षण समितिका अध्यक्ष सुरेश भुसालले क्षेत्रको ऐतिहासिक तथा धार्मिक महत्वबारे जानकारी गराएका थिए । गोष्ठीको पहिलो दिन नेल्टा गुल्मीको पहलमा अन्तरक्रिया कार्यक्रम पनि आयोजना गरिएको थियो । कार्यक्रममा डा. शर्माले नेल्टासँगको आफ्नो अनुभव साझा गर्दै शिक्षक प्रशिक्षण र लेखन प्रवर्द्धनमा संस्थाले खेलेको भूमिकाको प्रशंसा गरेका थिए । नेल्टा लुम्बिनी प्रदेश अध्यक्ष गोपालप्रसाद वस्याल र प्रदेश सदस्य यज्ञ गौतमले अंग्रेजी भाषा शिक्षण र शिक्षकको पेशागत क्षमता विकासका विषयमा आ-आफ्ना धारणा राखेका थिए ।

## लागुऔषधसहित १४ जना पक्राउ...

...यसैगरी झापाको कनकाई नगरपालिका-२ बाट खैरो हेरोइनजस्तो देखिने पदार्थ १०२ ग्राम ३१० मिलिग्राम, चिकित्सकको सिफारिसमा मात्र खरिद गर्न पाइने ट्रामाडोल सात हजार २०० ट्याब्लेट र नाइट्राभेट सात हजार ४५० ट्याब्लेटसहित भारतको विहार राज्य, अररिया जिल्ला, कुरसाकट्टा-८ छिप्टिया टोलका २७ वर्षीय अफ्ुर अन्सारी र कुरसाकट्टा-७ तकियाटोलका २८ वर्षीय मोहम्मद एजवाललाई पक्राउ गरिएको हो । यसैगरी, झापाकै दमक नगरपालिका-५ बाट खैरो हेरोइनजस्तो देखिने पदार्थ एक ग्राम ५२० मिलिग्राम र नियन्त्रित लागुऔषध ट्रामाडोल चार हजार ९६० ट्याब्लेटसहित सुनसरीको इटहरी उपमहानगरपालिका-२० तरहराका ३४ वर्षीय बुद्ध राई, मोरङको मिक्लाजुङ गाउँपालिका-२ की २३ वर्षीया रोमी लिम्बू तथा झापाको दमक नगरपालिका-७ का २९ वर्षीय करण मल्लिक पक्राउ परेका छन् । मोरङको लेटाङ नगरपालिका-२ धोबीकी २७ वर्षीया प्रमिला लामालाई ट्रामाडोल १५० ट्याब्लेट र स्पास्पेन १५० ट्याब्लेटसहित पक्राउ परेका छन् । मोरङको पथरीशनिश्चरे नगरपालिका-१० आदर्श टोलबाट ट्रामाडोल १९ ट्याब्लेट, डाइक्लोमाइन २८ ट्याब्लेट र नगद रु १३ हजार ७७५ सहित पथरीशनिश्चरे नगरपालिका-१ सुन्दर बस्तीका २७ वर्षीय मिका खत्री र २७ वर्षीया कृष्टि भन्ने बन्दना माखिमलाई पक्राउ गरिएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । कैलालीको टीकापुर नगरपालिका-१ बाट खैरो हेरोइनजस्तो देखिने पदार्थ ४३० मिलिग्रामसहित सोही ठाउँका २० वर्षीय क्रिस शर्मालाई पक्राउ गरिएको छ । यसैगरी, टीकापुर नगरपालिका-९ बाट खैरो हेरोइनजस्तो देखिने पदार्थ एक ग्राम ७९० मिलिग्रामसहित टीकापुर नगरपालिका-७ बेलुवाका ३० वर्षीय तेज बुढा पक्राउ परेका छन् ।

### खेलकुद समाचार

## बलर बुमराह श्रीलङ्कासँगको टेस्ट शृङ्खलाबाट बाहिर



**काठमाडौं,** साउन १७/भारतका तीव्र गतिका बलर जसप्रित बुमराह श्रीलङ्कासँगको २ खेलको टेस्ट शृङ्खलाबाट बाहिरिएका छन् । देब्रे घुँडामा अझै समस्या देखिएपछि ३२ वर्षीय बलरले श्रीलङ्कासँगको टेस्ट शृङ्खला गुमाउने भएका हुन् । भारतीय क्रिकेट कन्ट्रोल बोर्ड (बीसीसीआई) को 'सेन्टर अफ एक्सिलेन्स' को मेडिकल टोलीले उनलाई आराम गर्न सुझाव दिएको भारतीय सञ्चारमाध्यमले जनाएका छन् । बुमराह इङ्ल्यान्डसँगको ३ खेलको एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेट शृङ्खलाका क्रममा घाइते भएका थिए । चोटका कारण उनले एकदिवसीय शृङ्खलाको अन्तिम खेल खेलेका थिएनन् । यसअघि अफगानिस्तानसँगको एकदिवसीय शृङ्खला र १ मात्र टेस्टका लागि बुमराहलाई आराम दिइएको थियो । उनी आयरल्यान्ड र इङ्ल्यान्डसँगको टेस्ट शृङ्खलामा पनि टोलीमा थिएनन् । घरेलु टोली श्रीलङ्का र भारतबीचको टेस्ट शृङ्खलाको पहिलो खेल यही अगस्ट १५ देखि गालेमा शुरू हुनेछ । यस्तै दोस्रो टेस्ट अगस्ट २३ देखि कोलम्बोमा शुरू हुनेछ । यसपछि यी २ टोलबीच ३ खेलको एकदिवसीय शृङ्खला हुनेछ ।

वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

### अर्थ/कर्पोरेट समाचार

## सुनचाँदीको मूल्य घट्यो




**पाल्पा,** साउन १७/ नेपाली बजारमा आइतबार सुनको मूल्यमा गिरावट आएको छ । गत शुक्रबारको तुलनामा सुन तोलामा १ हजार ८ सय रुपैयाँले घटेको हो ।

नेपाल सुन-चाँदी व्यवसायी महासंघका अनुसार सो दिन छापावाल सुन प्रतितोला २ लाख ८३ हजार २ सय रुपैयाँ कायम भएको छ । त्यति नै परिमाणको सेतो धातुको मूल्य रु चार हजार ३ सय १५ कायम भएको छ । शुक्रबार छापावाल सुन प्रतितोला २ लाख ८५ हजार र चाँदी चार हजार ३ सय ६० कायम भएको थियो ।

बिहीबार एक तोला सुन रु दुई लाख ८४ हजार र चाँदी रु चार हजार ३१० मा कारोबार भएको थियो । अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार अन्तरराष्ट्रिय बजारमा आइतबार एक औँस सुन चार हजार ६३ र चाँदी ५८ अमेरिकी डलरमा किनबेच भइरहेको छ ।

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई